संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६५ पुस २८**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा महिला पत्रकार उमा सिंहको हत्याको भर्त्सना

उच्चायुक्तको कार्यालय-नेपाल खुकुरीधारी मानिसरूद्वारा आफ्नै घरमा आक्रमण गर्दा मृत्यु भएकी जनकपुरकी पत्रकार उमा सिंहको पुस २७ गते भएको हत्याको निन्दा गर्दछ। कसैले पनि अहिलेसम्म जिम्मेवारी लिएको छैन। जिम्मेवारहरूलाई पहिचान गर्न र उनीहरूलाई न्यायको कठघरामा ल्याउनका लागि उनको मृत्युको तत्काल र पूर्ण अनुसन्धान गर्न यो कार्यालय नेपाल प्रहरीलाई आह्वान गर्दछ।

सिंह रेडियो टुडे एफएमकी समाचारदाता तथा महिला मानवअधिकार रक्षक सञ्जाल, धनुषाकी सदस्य हुनुहुन्थ्यो।

उच्चायुक्तको कार्यालय-नेपाल जनकपुरमा अर्की महिला पत्रकारमाथिको हत्याको धम्की तथा सोही रात भएको आक्रमणको प्रयास जस्तो देखिने घटनाको चाँडो अनुसन्धान गरी अभियोजन गर्न सरकारी अधिकारीहरूलाई आग्रह पनि गर्दछ। त्यसो गर्नाले सञ्चारविरुद्धको आक्रमणमा वा अन्य कुनै पनि गम्भीर अपराधमा दण्डहीनता हुने छैन भन्ने कडा सन्देश जानेछ। उच्चायुक्तको कार्यालय-नेपाल नेपाली समाजको सबै क्षेत्रलाई मत व्यक्त गर्न पाउने स्वतन्त्रता तथा पत्रकारहरूको अधिकारको सम्मान गर्न आह्वान गर्दछ।

> "नेपालभर पत्रकारहरूमाथि लक्ष्यित घटनाहरूको बढ्दो सङ्ख्याका समाचारहरूबीच भएको यो दुःखद घटनाले सञ्चार स्वतन्त्रताको संरक्षणका लागि जिम्मेवारहरूलाई पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्ने आवश्यक कार्य तत्काल गर्न घचघच्याउनु पर्छ", उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org, or Chun Gurung, Tel: 4280164, ext 320; 9851016937 (m) or cgurung@ohchr.org**